“मर्यादित रोजगारी र समृद्ध श्रमजीवी वर्ग”

### नेपाल ट्रेड युनियन महासंघ

# तेस्रो राष्ट्रिय युवा सम्मेलन

५ फागुन २०७४,
काठमाडौं

**नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)**

**राष्ट्रिय युवा कमिटी**

## १. भूमिका

१८ वर्षदेखि ३५ वर्ष उमेर समूहका श्रमिकहरु युवा श्रमिक भनिन्छ। यद्यपि, युवा परिषद ऐन २०७२ अनुसार १६-४० वर्ष उमेर समूहका व्यक्तिहरुलाई युवा भनी परिभाषित गरेको छ। यो उमेर समूहमा नेपालको कुल जनसंख्याको ४०.३५ प्रतिशत युवाहरु रहेका छन्। यो समूहलाई १६-२४ वर्ष समूह र २५-४० समूह गरी २ भागमा बाँडिएको छ। २५-४० उमेर समूह पूर्ण आर्थिक गतिविधिमा संलग्न हुने उमेर समूह हो। यो उमेरका युवाहरुको पूर्ण रोजगारीको प्रतिशत दर २.३ प्रतिशत मात्र रहेको छ।

अन्तर्राष्ट्रिय श्रम संगठनको तथ्याङ्क अनुसार पूर्ण रोजगार युवा १९.२ प्रतिशत, आङ्शिक रोजगार २८.३ प्रतिशत र करिव ३६ प्रतिशत युवाहरु बेरोजगार रहेका छन्। नेपाल विश्व युवा सूचकाङ्कमा १४५ औं नम्बरमा पर्दछ। संख्यात्मक हिसाबले वा गुणात्मक हिसाबले यो संख्या अत्यन्त महत्वपूर्ण एवं उत्पादक उमेर समूह हो।

आईटियुसी एसिया प्रशान्त क्षेत्रको २०१५ को रिपोर्ट अनुसार विश्वमा १० अर्वभन्दा बढी मानिसहरु १५ देखि २४ वर्ष उमेर समूहका छन्। विश्वका जनसंख्याको झण्डै ४० प्रतिशत २० वर्ष मुनिका छन् भने बहुसंख्यक अर्थात् ८५ प्रतिशत युवाहरु विकासोन्मुख देशमा बस्दछन्।

नेपाल सरकारको युथ भिजन २०२५ मा उल्लेख भएको तथ्याङ्क अनुसार हरेक वर्ष ४ लाख ५० हजार श्रमिकहरु नेपाली श्रम बजारमा आउने गर्दछन्। तथापि सरदर वार्षिक ५ लाख ३८ हजार श्रमिक तथा व्यक्तिहरु रोजगारी तथा अन्य काममा विदेशिने गरेका छन्।

उत्पादनशील र शक्तिवान् मानवस्रोतको रुपमा युवाहरु ज्यादै महत्वपूर्ण आर्थिक र सामाजिक विकासका लागि ठूलो संभावना हुन्। युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवतर्नका संवाहक शक्ति हुन्। साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण यो समुदाय राष्ट्रको प्रमुख धरोहरको रूपमा रहेको हुन्छ, जसलाई राष्ट्र निर्माणको प्रमुख स्रोतसमेत मानिन्छ। गुणात्मक र सङ्ख्यात्मक दृष्टिले युवा राष्ट्रको मेरुदण्ड भएकाले युवाको सर्वाङ्गीण विकास गरी उनीहरूको क्षमतालाई राष्ट्रिय विकासको मूलधारमा ल्याउनु जरूरी छ।

युवा श्रमिकको चासो र अपेक्षालाई विशेष प्रकारले संबोधन गर्नु र उनीहरुलाई ट्रेड युनियन आन्दोलनमा आबद्ध गरी परिचालन गर्नु ट्रेड युनियन आन्दोलनको उज्ज्वल भविष्यको लागि अपरिहार्य छ। ट्रेड युनियन आन्दोलनभित्र युवा सशक्तीकरण एवं सहभागिताले नै यसको भविष्यको निर्धारण गर्दछ। यसका लागि पहिलो कुरा युवा रोजगारीमा जोड दिनु जरुरी छ भने दोस्रो कार्यथलोमा रहेका युवा श्रमिकलाई युनियनीकरण गर्ने काम गर्नु पर्दछ।

वर्तमान परिवर्तित राजनीतिक अवस्थामा युवाको भूमिका अझ महत्वपूर्ण भएको छ। राज्यको पुनर्संरचना र नेपालको संविधान २०७२ को कार्यान्वयनसंगै युवाहरुका लागि संभावानका थप ढोकाहरु खुलेका छन्। स्थानीय तहका साथै प्रदेशसभा र संघीय संसदको निर्वाचन सम्पन्न भएसंगै मुलुक राजनीतिक स्थायित्व उन्मुख हुँदै गएको छ। देशले पहिलो पटक वामपन्थीको बहुमतको सरकार प्राप्त गर्दैछ। यसबाट अबको नेपाल आर्थिक-सामाजिक रूपान्तरणको दिशामा अगाडि बढ्नुको विकल्प छैन। राष्ट्रको समृद्धिका लागि युवा श्रमिकको भूमिका अहं रहनेछ।

विद्यमान नेपालको ट्रेड युनियन आन्दोलन तीन पुस्ताको संयोजनमा अगाडि बढिरहेको छ। एउटा पुस्ता ६० वरिपरिको, अर्को पुस्ता ४० प्लस र तेस्रो युवा पुस्ता ४० वर्ष तलको रहेको छ। पहिलो पुस्ता क्रमशः बिदा लिने क्रममा छ भने दोस्रो पुस्ता अबको युनियन आन्दोलनको मेरुदण्डका रुपमा रहनेछ। युनियन आन्दोलनको सुनिश्चित भविष्यका लागि अहिलेदेखि नै तेस्रो पुस्ताको नेतृत्व विकासमा ध्यान दिनु जरुरी छ। तसर्थ, युवा रोजागारीमा जोड दिदै, उनीहरुको सीप, दक्षता र योग्यता बढाउनुकासाथै ट्रेड युनियनमा संलग्न गराउनका लागि आवश्यक नीतिको तर्जुमा गर्दै कार्यान्वयनमा आवश्यक पहलकदमी लिनु अनिवार्य छ।

## २. युवा श्रमिकका समस्या तथा चुनौती

कुल जनसंख्याको ४०.३ प्रतिशत युवा जनसंख्या रहेको नेपालले जनसांख्यिक लाभांश लिने सन्दर्भमा युवासम्बद्ध समस्या तथा चुनौतीहरुलाई चिर्न आवश्यक छ। गुणस्तरीय, समयसापेक्ष, रोजगारमूलक शिक्षाको अभाव, व्यावसायिक सीप र प्रविधिमा न्यून पहुँच, बेरोजगारी र अर्धबेरोजगारी संख्यामा वृद्धि, वैदेशिक रोजगारी प्रतिको आकर्षण र युवा श्रमशक्तिको विदेश पलायन, कमजोर मनोबल, युवामैत्री लगानी र उद्यमशील वातावरणको अभाव, श्रमबजारको अनौपचारिकीकरण तथा रोजगारीमा युवा महिलाको कमजोर सहभागिता नेपाली युवाका समस्या एवं चुनौतीका रुपमा रहेका छन्।

यसका बाबजुद मुलुकले पाएको नयाँ संविधान, श्रम ऐन र सामाजिक सुरक्षा ऐनले आशाको किरण छरेको छ। त्यसमाथि भर्खर सम्पन्न भएको निर्वाचनको नतिजाले अब मुलुकले राजनीतिक रुपमा स्थायित्व र आर्थिक सामाजिक रुपमा समृद्धितर्फ लम्कनेछ भन्ने कुरामा आत्मविश्वास बढाएको छ। युवाहरुमा सपना जगाएको छ। मुलुकमा लगानी र रोजगारी वृद्धिको आशा जागेको छ। यस परिवेशमा युवाहरुलाई उद्यमशीलतातर्फ उन्मुख बनाउँदै श्रमशक्तिको उचित उपयोग र संगठित रुपमा परिचालन गर्ने कुरामा निर्देशित गर्न सक्नु युनियन आन्दोलनका भविष्यका लागि चुनौती र अवसर दुबै हो भन्न सकिन्छ।

नेपाली श्रम बजारमा ९० प्रतिशतभन्दा बढी श्रमशक्ति अनौपचारिक क्षेत्रमा संलग्न छ। यसको ठूलो हिस्सा कृषि क्षेत्रमा रहेको छ। श्रमलाई हेर्ने सामाजिक दृष्टिकोण मर्यादित हुन नसक्दा माग भएको ठाउँमा श्रमको अभाव छ र जनशक्ति भएका ठाउँमा बेरोजगारीको समस्या छ। यसरी हाम्रो समाजमा श्रमको माग र आपूर्ति बीचमा ठूलो असन्तुलन रहेको छ। बेरोजगार र अर्धबेरोजगारको संख्या निकै फराकिलो छ। यो वास्तविकतालाई ध्यानमा राख्दै अबको ट्रेड युनियन आन्दोलनले युवा रोजगारीको सृर्जना गर्नुकासाथै रोजगारीमा रहेका युवा श्रमिकलाई युनियन आन्दोलनप्रति आकृष्ट गर्ने नीति र कार्यक्रममा ध्यान दिनु जरुरी छ।

## ३. दोस्रो राष्ट्रिय युवा सम्मेलन पछिका कामहरु

नेपाल ट्रेड युनियन महासंघको २०७० साउन ३-४ गते सम्पन्न दोस्रो युवा सम्मेलनले-

- कार्यक्षेत्रमा युवा पिढीको उपस्थिति बढाउन रोजगारीको सृजनामा जोड दिदै उत्पादनशील क्षेत्रहरुमा युवाहरुको पहुँच कायम गरी देशको आर्थिक, समाजिक, राजनीतिक र साँस्कृतिक क्षेत्रका सबै तहमा युवाको प्रतिनिधित्व गराउने,
- ट्रेड युनियन आन्दोलनमा युवाहरुको उल्लेख्य सहभागिताको लागि उनीहरुलाई प्रोत्साहित गर्न, उनीहरुका हक अधिकारलाई सुनिश्चितता गर्न आवश्यक पहल गर्ने,
- वर्ग दृष्टिकोण सहित सामाजिक रूपान्तरणको संघर्षलाई निरन्तरता दिनको लागि श्रम क्षेत्रका युवा पिढीलाई प्रशिक्षित गर्ने गराउने र
- युवा श्रमिकका लागि मर्यादित कामको अवस्था सुनिश्चित गर्नका लागि श्रमिक अधिकारको प्रवर्धन, सुरक्षा तथा परिपूर्ति गर्दै श्रमिक युवा नीति निर्माण, सञ्चालन र परिचालनको लागि आवश्यक कार्य गर्ने गरी कार्यक्रम पारित गरेको थियो तर..

यो अवधिमा विनाशकारी भूकम्प तथा भारतीय नाकाबन्दीका कारणले गर्दा छैटौं महाधिवेशनबाट निर्दिष्ट भएका र जिफन्ट दोस्रो युवा सम्मेलनबाट पारित कामहरुलाई योजनाबद्ध सम्पन्न गर्न सकिएन। नयाँ संविधान जारीपछि देशमा सम्पन्न आम निर्वाचन (स्थानीय, प्रदेशिक र केन्द्रीय तह) मा हामी लगायत सदस्य साथीहरु संलग्न हुनुपरेको कारणले गर्दा पनि कार्यसूची सम्पादनमा कठिनाइ भयो।

**तथापि हामीले केही त गर्‍यौं-**

ट्रेडयुनियनमा युवा सहभागिता बढाउनको लागि विभिन्न गतिविधि सञ्चालन गरिएको छ। युनियनप्रतिको आकर्षण बढाउँदै युनियन सदस्यता वृद्धि लक्षित गतिविधिहरु भएका छन्। (वृस्तृत अनुसूचीमा संलग्न छ)

- क. **कमिटीहरुको निर्माण** : यो अवधिमा १० वटा अञ्चल कमिटीहरु, ४२ वटा तत्कालीन जिल्ला कमिटीहरु र पाँच वटा घटकहरुमा केन्द्रीय युवा कमिटीहरुको गठन गरिएको छ।
- ख. **नेतृत्व विकास** : तत्कालीन युवा कमिटीका चार जना साथीहरु जिफन्टको राष्ट्रिय कमिटीको सदस्यमा र दुई जना साथीहरु अञ्चल कमिटीको जिम्वेवारी सम्हाल्नु भएको छ। साथै ७ जना साथीहरु नियमित ट्रेड युनियन स्कुलको प्रशिक्षकको रुपमा विकास हुनुभएको छ।
- ग. **तालिम तथा प्रशिक्षण** : स्वदेशमा ७ वटा (पेशागत स्वास्थ्य र सुरक्षा, सामूहिक सौदाबाजी, ऐन कानुन र युनियन व्यवस्थापन) सम्बन्धी नेतृत्व विकास तालिम सम्पन्न गरिएको थियो भने विदेशमा १२ जना साथीहरु विभिन्न कार्याक्रममा सहभागी भई क्षमता अभिवृद्धि गर्नुभएको थियो। यो अवधिमा घटक युनियनका युवा कमिटीहरुमा पनि तालिम कार्यक्रम सम्पन्न भएका छन्।
- घ. **अतिरिक्त क्रियाकलाप** : युवा कमिटीले यो अवधिमा रक्तदान, फुटबल प्रतियोगिता, चस्मा वितरण, अन्तरक्रिया कार्यक्रम जस्ता कार्यक्रमहरु गरिएका छन्।
- ङ. **वैठक** : यो अवधिमा केन्द्रीय युवा कमिटीको ७ वटा पूर्ण वैठक र एउटा योजना वैठक सम्पन्न भएको छ।
- च. **विविध** : यो अवधिमा महासंघका विभिन्न अभियानहरु, भूकम्प पछिको पुनर्निर्माण लगायत विभिन्न कार्यक्रममा स्वयंसेवकको भूमिकामा समेत परिचालित भएको छ।

समग्रमा यो अवधिमा आबद्ध घटकहरुका कार्यक्रमहरुमा युवा सहभागिता बढेको छ। यस अवधिमा धेरै युवाहरु युनियनका सदस्य बनेका छन्। विगतको तुलनामा युवाहरुको युनियनप्रतिको आकर्षण बढ्दै गइरहेको छ। तलदेखि माथिल्ला तहका कमिटीहरुमा समेत युवाहरुको प्रतिनिधित्व र विभिन्न गतिविधिमा सहभागिता क्रमशः बढ्दै गइरहेको छ।

## ४. आगामी कामहरु

विगतको वाईजेन कार्यक्रमलाई निरन्तरता दिदै निम्न कार्यक्रमको लागि प्रस्ताव गरिएको छ-

### ४.१. कार्यथलोमा युवाहरुको सहभागिताको सुनिश्चितता

- ४.१.क. रोजगारी प्रवर्द्धन गरी युवाहरुका लागि रोजगारीको अवसर सिर्जना गर्न विभिन्न गतिविधिहरु गरिनेछ, जसका लागि सामाजिक सहयात्रीहरुको बीचमा छलफल, परामर्श एवं आवश्यक पहल गर्ने, परामर्शका आधारमा मर्यादित रोजगारी सुनिश्चित गर्नका लागि स्पष्ट नीति निर्देशन सहितको बृहत् आर्थिक नीतिको तर्जुमाका लागि सरकारसंग लविङ गर्ने,
- ४.१.ख. रोजगारीमा नवप्रवेशी युवाका लागि सुहाउँदो रोजगारी दिने खालका व्यावसायिक शिक्षाको अभियान सञ्चालन गर्न विशेष व्यवस्था गर्ने,
- ४.१.ग. स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न कृषि, कृषिजन्य उद्योग, पर्यटन, ऊर्जा, पूर्वाधार विकासमा जोड दिनका लागि पहल गर्ने,
- ४.१.घ. युवाहरुलाई स्वरोजगार बन्न सक्ने किसिमको सीपमूलक तालिमको अवसर स्थानीय र प्रदेश स्तरको सरकारको प्राथमिकतामा राखेर योजना बनाई कार्यान्वयनमा हातेमालो गर्ने,

४.१.ङ. सबै किसिमका श्रमलाई हेर्ने दृष्टिकोण र श्रमिकप्रतिको व्यवहारलाई मर्यादित बनाउन जागरण अभियान सञ्चालन गर्ने ।

**४.२. रोजगारी क्षमताको अभिवृद्धि र व्यवसायिकता**

४.२.क. रोजगारी क्षमताको अभिवृद्धिका लागि व्यावसायिक तालिम र पुनर्ताजगी तालिमको व्यवस्थाका लागि परिवर्तित श्रमबजारलाई ध्यानमा राख्दै पाठ्यक्रम निर्माण र तालिमको व्यवस्था गर्ने साथै वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित कार्यक्रमहरु गर्ने,

४.२.ख. श्रमबजार र श्रमशक्ति उत्पादनमा देखिएको असामञ्जस्यता कम गर्दै श्रम बजारको आवश्यकता अनुसार युवा जनशक्ति तयार गर्न जोड दिने ।

४.२.ग. वैदेशिक रोजगारीमा गएर कमाइ गरेको विप्रेषणको निश्चित प्रतिशत रोजगारी सिर्जना गर्न र आर्थिक उत्पादनको क्षेत्रमा लगानी गर्ने वातावरण बनाउन उपयुक्त क्षेत्रको पहिचान गरी तीनै तहको सरकारसंग लविङ गर्ने । वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई सिकेर आएको ज्ञान, प्रविधि र सीपको प्रयोग गरी मुलुकमै रोजगारी गर्न उत्प्रेरित गर्ने वातावरण बनाउने किमिसको गतिविधिमा पहल गर्ने ।

**४.३. मर्यादित काम र सामाजिक सुरक्षा व्यवस्था**

४.३.क. बिना भेदभाव युवाहरुका लागि मर्यादित जीवन जिउन पुग्ने पर्याप्त पारिश्रमिक र समान कामका लागि समान परिश्रमिकको युवा केन्द्रित अभियान सञ्चालन गर्ने । रोजगारी संरक्षणको सुनिश्चितताको लागि प्रयत्न गर्ने,

४.३.ख. कार्यथलोलाई सुरक्षित बनाउन पेशागत स्वास्थ्य र सुरक्षाको विषयलाई महत्वका साथ व्यवस्थापन र सचेतनाका लागि आवश्यक कार्यक्रम गर्ने,

४.३.ग. बेरोजगार भत्ता, औषधोपचार खर्च, निवृत्तिभरण, औद्योगिक दुर्घटना, क्षतिपूर्ति आदि जस्ता सामाजिक सुरक्षाका विषयहरुको उठान, पहिचान र सामाजिक सुरक्षा ऐनको कार्यान्वयनमा जोड दिने ।

**४.४. ट्रेडयुनियनमा युवाहरुको सहभागिता**

४.४.क. युनियनभित्र युवा सहभागिता वृद्धिका लागि आवश्यक रणनीति तर्जुमा गर्ने । कार्यथलो केन्द्रित कार्यक्रमहरु गर्ने, युवा बाहुल्य नयाँ क्षेत्रको खोजी गरी संगठित अभियान सञ्चालन गर्ने,

४.४.ख. ट्रेडयुनियनका सबै संरचनाहरुमा युवाहरुको प्रतिनिधित्वको लागि आवश्यक व्यवस्था गर्ने, यसमा युवा जेन्डर सन्तुलनलाई ख्याल गर्ने र सङ्गठित युवाहरुको अभिलेखीकरण गर्ने,

४.४.ग. युवामा नेतृत्वको विकास गरी जिम्मेवारी दिन र उनीहरुलाई युनियनप्रति आकर्षित गर्न विभिन्न रचनात्मक युवा गतिविधिहरु गर्ने,

४.४.घ. भोलिको ट्रेड युनियन आन्दोलनको नेता आजका युवा विद्यार्थी क्षेत्रमा क्रियाशील जनशक्ति हो भन्ने कुरालाई ध्यान दिदै युवा-विद्यार्थी आन्दोलनसंग रोजगारी सम्बन्धी विषयमा अन्तरक्रिया र सहकार्यलाई बिस्तार गर्ने,

४.४.ङ. श्रमिकका आधारभूत अधिकार र ट्रेडयुनियनको भूमिका विषयमा जानकारी दिन युवा श्रमिकहरुका लागि शैक्षिक अभियान सञ्चालन गर्ने ।

## ५. संरचनागत व्यवस्था

नेपाल ट्रेड युनियन महासंघको छैटौं राष्ट्रिय महाधिवेशनको निष्कर्षमा केन्द्रमा जिफन्ट युवा कमिटी र मातहतमा तत्काल रहेको देशको प्रशासनिक संरचनामा आधारित (अञ्चल युवा कमिटी, जिल्ला युवा कमिटी) संरचना बनाएको थियो। यतिखेर मुलुक संघियतामा गएको छ र हामिले पनि सोही अनुसार आफ्नो संरचना र गतिविधिलाई परिवर्तन गर्नुपर्नेछ। निकट भविष्यमा महासंघको सातौं राष्ट्रिय महाधिवेशन सम्पन्न हुँदैछ। उक्त महाधिवेशनले राज्यको पुनर्संरचनाको आधारमा आफ्नो संरचनालाई पनि पुनर्व्यवस्थित गर्नुपर्नेछ। महासंघले पुनर्व्यवस्था गर्ने हरेक संरचनामा युवा कमिटी निर्माणको आवश्यकतालाई ध्यानाकर्षण गराउँदै सोही बमोजिम आवश्यक संरचनामा युवा कमिटी गठन गर्ने प्रस्ताव गरिएको छ।

## ६. निष्कर्ष :

यतिखेर विश्वव्यापी रुपमा मर्यादित कामको बारेमा अभियानहरु सञ्चालित भएका छन्। खासगरी मर्यादित कामभित्र काम, अधिकार, सुरक्षा र सम्मान चार वटा विषयहरु पर्दछन्। यसबाट असल जीवन जिउन पुग्ने ज्याला, सुरक्षित कार्यथलो, युनियन गठन गर्न र कामसंग सम्बन्धित आफ्ना मर्कालाई निर्धक्कसंग राख्न पाउने वातावरण एवं अशक्त, अभरमा सुरक्षाको प्रत्याभूति सहितको काम हो। यसबाट श्रमिकले आफूलाई समृद्ध र सम्मानित महसुस गर्दछ।

युनियन आन्दोलनको जग भनेको युनियन सदस्यहरु हुन्। युनियन सदस्यहरु पुराना पनि हुन सक्दछन् वा नयाँ पनि, दुबैमा युवाको संख्या वृद्धि गर्नु र युवा श्रमिकहरुलाई बढी मात्रामा संगठित गर्न सक्नुले युनियन आन्दोलन बलियो हुनेछ। युवा श्रमिकले पनि युनियनमा संगठित हुने अभियानको महत्वलाई बुझ्न जरुरी छ। तसर्थ, 'संगै गए अवश्य पुगिन्छ, एक्लै गए भन्न सकिन्न' भने जस्तै एकताबद्ध भएर संपूर्ण युवा श्रमिकहरु युनियन आन्दोलनमा समाहित गर्नु गराउनु ट्रेडयुनियनहरुको आजको महत्वपूर्ण कार्यभार हो।

कमरेड मदन भण्डारीले भन्नुभएको छ "आजका युवा संघर्षहरु नाटक सुरु हुनु अगाडिका उद्घोषण, बाजा र भूमिका जस्ता बनुन, घाम झुल्किनु अघिको क्षितिजको लालिमा जस्तो बनुन्, आँधी आउनु अगाडिको हुनहुनाहट जस्तो बनुन्, जन्ती र बेहुला आउनु अघिको भत्खरु जस्तो बनुन्"। जसले युनियन आन्दोलनलाई नयाँ उचाइकासाथ अगाडि बढाउन सकोस्, एकीकृत, र सशक्त बनाउन सकियोस्, यही हाम्रो पहल र प्रयत्न हुनेछ। काम गाह्रो छ, तर एकजुट भएमा सफल हुनेछौं।

धन्यवाद

सन्दर्भ सामाग्रीहरु :

१. नेपाल ट्रेड युनियन महासंघको नीतिगत दस्तावेजहरु

२. ITUC AP Regional youth charter

३. नेपाल सरकार राष्ट्रिय युवा नीति

४. नेपाल सरकार युथभिजन २०२५

५. युवा श्रम र श्रमिक आन्दोलन - जिफन्ट

## अनुसूची- १
## कमिटीको बैठक रेकर्ड

| क.स | नम थर | पद | बैठक सख्या | उपस्थिति |
|---|---|---|---|---|
| १ | दामोदर सापकोटा | अध्यक्ष | ७ | ७ |
| २ | निलम ढुङ्गेल | उपाध्यक्ष | ७ | ५ |
| ३ | मेजन कोइराला | सचिव | ७ | ७ |
| ४ | सन्तोष पुडासैनी | सहसचिव | ७ | ७ |
| ५ | रामनाथ यादब | सदस्य | ७ | ६ |
| ६ | दिपक कुमार रावत | सदस्य | ७ | ३ |
| ७ | मधसुदन कडेल | सदस्य | ७ | ५ |
| ८ | कविता नेपाली | सदस्य | ७ | ६ |
| ९ | सुमन गिरी | सदस्य | ७ | ६ |
| १० | टिका भट्टराई | सदस्य | ७ | १ |
| ११ | केशव सापकोटा | सदस्य | ७ | १ |
| १२ | जानकी पौडेल | सदस्य | ७ | २ |
| १३ | पुर्णिमा पौडेल | सदस्य | ७ | १ |
| १४ | नोज बहादुर गिरी | सदस्य | ७ | १ |
| १५ | अन्जु दहाल | सदस्य | ७ | ३ |
| १६ | राजेश मण्डल | सदस्य | ७ | ६ |
| १७ | साधिन शेख | सदस्य | ७ | १ |
| १८ | नरेन्द्र राई | सदस्य | ७ | २ |

## अनुसूची- २
## तालिम तथा प्रशिक्षण

- मिति २०७१ भदौ ४ र ५ गते, भक्तपुरको बोडेमा २ दिने आवासीय प्रशिक्षण सम्पन्न - ४० जना युवाको सहभागिता ।
- मिति २०७३ वैशाख २६,२७,२८गते, धरानमा ३ दिने आवासीय प्रशिक्षण सम्पन्न - ४० जना युवाको सहभागिता ।
- मिति २०७३ साउन २०,२१,२२ गते, बुटवलमा ३ दिने आवासीय प्रशिक्षण सम्पन्न - ४० जना युवाको सहभागिता ।
- मिति २०७३ भाद्र ४गते, धरानमा १ दिने प्रशिक्षण सम्पन्न - ४० जना युवाको सहभागिता ।
- मिति २०७३ भाद्र ४गते, काठमाडौंमा १ दिने प्रशिक्षण सम्पन्न - ५०० जना युवाको सहभागिता
- मिति २०७४ माघमा हेटौडामा ३ दिने आवासीय प्रशिक्षण सम्पन्न - ४५ जना युवाको सहभागिता
- युवा राष्ट्रिय कमिटीलाई ट्रेड युनियन स्कुलमा तालिम प्रदान ।

## अनुसूची- २ क

## अन्य क्रियाकलापहरु

**सगरमाथा**

१) २०७०/१०/१८ गते, प्रथम सगरमाथा अञ्चल युवा श्रमिक सम्मेलन सम्पन्न - लिलाकान्त चौधरीको अध्यक्षतामा कमिटी गठन ।

**कोशी**

१) २०७१/१/१५ गते, दोस्रो कोसी अञ्चल युवा श्रमिक सम्मेलन सम्पन्न - टिका भट्टराइको अध्यक्षतामा कमिटी गठन ।

२) २०७१/१/१० गते, दोस्रो मोरङ जिल्ला श्रमिक सम्मेलन सम्पन्न ।

३) २०७१/१/१४ गते, दोस्रो सुनसरी जिल्ला श्रमिक सम्मेलन सम्पन्न ।

**बागमती**

१) २०७१/०२/२४ गते, दोस्रो बागमती श्रमिक युवा सम्मेलन सम्पन्न - केशव सापकोटाको अध्यक्षतामा कमिटी गठन ।

२) २०७१/०३/१४ गते, दोस्रो ललितपुर जिल्ला श्रमिक युवा सम्मेलन सम्पन्न ।

३) २०७१/०४/१७ गते, दोस्रो काठमाडौं जिल्ला श्रमिक युवा सम्मेलन सम्पन्न ।

४) २०७१/०५/२८ गते, दोस्रो भक्तपुर जिल्ला श्रमिक युवा सम्मेलन सम्पन्न ।

**नरायणी**

१) मिति २०७०/११/१० गते, दोस्रो नारायणी श्रमिक सम्मेलन सम्पन्न - संजय पटेलको अध्यक्षतामा कमिटी गठन ।

२) मिति २०७१/०४/०३ गते, मकवानपुर श्रमिक युवा सम्मेलन सम्पन्न ।

३) मिति २०७१/०४/२४ गते, गते मकवानपुर जिल्ला कमिटीको आयोजनामा प्रशिक्षण कार्यक्रम सम्मन्न ।

४) मिति २०७१/०४/२७ गते, बारा श्रमिक युवा सम्मेलन सम्पन्न ।

५) मिति २०७१/०४/२९ गते, पर्सा श्रमिक युवा सम्मेलन सम्पन्न ।

**लुम्बिनी**

१) मिति २०७१/०५/४ गते, दोस्रो लुम्बिनी अञ्चल श्रमिक युवा सम्मेलन सम्पन्न ।

२) मिति २०७१/२/३ गते, नवलपरासी जिल्ला श्रमिक युवा सम्मेलन सम्पन्न ।

नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)
पो.ब.नं. १०६५२, मनमोहन मजदुर भवन, जिफन्ट प्लाजा,
पुतलीसडक, काठमाडौं । फोन : ४१६८०००, फ्याक्स : ४१६८००१
e-mail: office@gefont.org / dfa@gefont.org / URL: www.gefont.org